


**OhioRISE व्यवहारजन्य स्वास्थ्यका लागि Ohio Medicaid (ODM) को सामान्य कभरेजभन्दा कसरी फरक हुन्छ ?**

OhioRISE विशेष स्याहार आवश्यक पर्ने युवाहरूमा केन्द्रित रहन्छ। Ohio Medicaid भएका सबै बालबालिका र युवा व्यक्तिहरूले मानसिक स्वास्थ्य र लागूपदार्थ दुर्व्यसनसम्बन्धी स्याहार सेवा लिन सक्छन् भने OhioRISE का सेवाग्राहीले भने नयाँ र सुधारिएका व्यवहारजन्य स्वास्थ्य सेवाहरू पनि प्रयोग गर्न सक्ने छन्। OhioRISE का सेवाग्राहीले व्यवहारजन्य स्वास्थ्यसम्बन्धी सुविधाहरू Aetna (OhioRISE योजना) बाट र आफ्नो शारीरिक स्वास्थ्य सेवाहरू छुट्टै व्यवस्थित स्याहार संस्था वा सेवाका लागि शुल्क Medicaid मार्फत प्राप्त गर्ने छन्।

---

**यी सेवाहरू "नियमित" Ohio Medicaid योजनाद्वारा नभएर किन OhioRISE द्वारा उपलब्ध गराइँदै छ ?**

जटिल व्यवहारजन्य स्वास्थ्य आवश्यकताहरू भएका युवालाई अझ बढी गहन सेवाहरू र उनीहरूको स्याहारको योजना बनाउनका लागि समन्वयित पद्धतिबाट दिइने सुविधा आवश्यक पर्छ। बच्चा तथा परिवारहरूको विचार तथा छनौटहरूलाई महत्त्व दिने स्याहार योजनामार्फत बच्चा वा युवाले आफ्ना आवश्यकताहरू पूरा गर्न सकून् भन्ने कुरा सुनिश्चित गर्नका लागि OhioRISE ले विभिन्न प्रदायक र संस्थाहरूसँग सहकार्य गर्छ।



**म OhioRISE र यस ब्रोसरमा भएको सूचनाको बारेमा थप जानकारी कहाँ प्राप्त गर्न सक्छु ?**

कृपया OhioRISE को वेबपेज managedcare.medicaid.ohio.gov/ohiorise मा जानुहोस् वा हामीलाई OhioRISE@medicaid.ohio.gov मा इमेल गरेर प्रश्न सोध्नुहोस्।

---

**राज्य र सङ्घीय नागरिक अधिकार कानुनहरू**

Ohio Medicaid ले भेदभाव र अनुचित व्यवहारबाट तपाईंलाई सुरक्षित राख्ने राज्य र सङ्घीय नागरिक अधिकार कानुनहरूको पालना गर्छ। यस ब्रोसरलाई बुझ्न तपाईंलाई मद्दत गर्न तपाईंलाई कुनै शुल्क नलाग्ने गरी भाषा सहयोग, दोभाषे सेवा, सहयोगी सहायता जस्ता सेवा उपलब्ध गराइन्छन्। तपाईं यी सेवाहरू ODM को नागरिक अधिकार/ADA संयोजकलाई 614-995-9981/TTY 711 मा फोन गरेर, 1-614-644-1434 मा फ्याक्स गरेर वा ODM_EEO_EmployeeRelations@medicaid.ohio.gov मा इमेल गरेर अनुरोध गर्न सक्नुहुन्छ।

Ohio | Department of Medicaid

4.21.2022 मा अद्यावधिक गरिएको

OhioRISE

OhioRISE अर्थात् Resilience through Integrated Systems and Excellence भनेको विशेष व्यवस्थित स्याहार कार्यक्रम हो जो जटिल व्यवहारजन्य स्वास्थ्य र बहुप्रणालीगत आवश्यकता भएका बालबालिका तथा युवाहरूमा केन्द्रित रहन्छ।



## OhioRISE बाट कसलाई फाइदा हुन सक्ने छ ?

OhioRISE बाट निम्न बालबालिका र युवाहरूलाई फाइदा हुन सक्ने छ:

- व्यवहारजन्य स्वास्थ्य चुनौतीहरूबाट उत्पन्न विभिन्न आवश्यकता भएकाहरू,
- वबहुप्रणालीगत आवश्यकता भएका वा प्रणालीको अझ बढी संलग्नता चाहिने जोखिममा भएकाहरू र/वा
- घरभन्दा बाहिर राखिनु पर्ने वा घर बाहिर बसेर आफ्ना परिवारहरूमा फर्कदै गरेकाहरू ।

बहु प्रणालीगत आवश्यकता भएका युवाहरूलाई प्राय: सामुदायिक प्रणालीहरूबाट मद्दत र सेवाहरू बाल नयाँ, बाल संरक्षण, विकाससम्बन्धी अपाङ्गताहरू, स्कुलहरू, मानसिक स्वास्थ्य तथा लत जस्ता सेवाहरू दिइनु पर्ने हुन्छ ।

## OhioRISE ले सदस्यहरूलाई के-के विशेष सेवाहरू उपलब्ध गराउँछ ?

OhioRISE ले निम्न नयाँ र सुधारिएका व्यवहारजन्य स्वास्थ्य सेवाहरू उपलब्ध गराउने छ:

- गहन र सामान्य स्याहारको समन्वय
- घरमा आधारित सुधारिएको गहन उपचार (IHBT)
- राज्यभित्रै साइकियाट्रिक (मनोरोगसम्बन्धी) आवासीय उपचार सेवास्थलहरू (PRTFs)
- व्यवहारजन्य स्वास्थ्यसम्बन्धी राहत सेवाहरू
- प्राथमिक फ्लेक्स रकम
- घुम्ती प्रतिकार्य र स्थिरीकरण सेवाहरू (MRSS)

OhioRISE

## OhioRISE का लागि को योग्य हुन्छ ?

OhioRISE का लागि निम्न खालका बालबालिका र युवा योग्य हुन सक्छन्:

- Ohio Medicaid (व्यवस्थित स्याहार वा सेवाका लागि शुल्कमध्ये कुनै एक) का लागि योग्य भएका,
- 0-20 वर्ष बीचको उमेरका र
- Ohio को बाल तथा किशोर आवश्यकता तथा सबल पक्षहरू (CANS) सम्बन्धी मूल्याङ्कन प्रयोग गरेर मापन गरिए अनुसार उल्लेख्य व्यवहारजन्य स्वास्थ्य उपचार आवश्यक पर्नेहरू ।

निश्चित अत्यावश्यक स्वास्थ्य समस्या भएका बालबालिका र युवाहरू OhioRISE का लागि योग्य हुन सक्ने छन् । उदाहरणका लागि, कुनै बच्चा वा युवा व्यवहारजन्य स्वास्थ्य कारणले अस्पतालमा छन् भने ।

## CANS मूल्याङ्कन भनेको के हो ?

CANS मूल्याङ्कन भनेको OhioRISE का लागि योग्यता निर्धारण गर्न प्रयोग गरिने टुल वा साधन हो । यसले युवा तथा परिवारका आवश्यकता तथा सबल पक्षहरू बुझ्न र मद्दत उपलब्ध गराउनका लागि उत्तम तरिकाहरू निर्धारण गर्न मद्दत गर्न युवा तथा परिवारको जानकारी सङ्कलन गर्छ । चालु स्याहार योजनामा सहयोग गर्नका लागि CANS मूल्याङ्कन नियमित रूपमा अद्यावधिक गरिन्छ ।

## CANS मूल्याङ्कन प्राप्त गर्न बच्चा वा युवा कहाँ जान सक्छन् ?

CANS मूल्याङ्कन अनुरोध गर्नका लागि कृपया यहाँ सम्पर्क गर्नुहोस्:

- बच्चा वा युवाको व्यवस्थित स्याहार संस्था,
- Aetna Better Health of Ohio,
- स्थानीय स्याहार व्यवस्थापन संस्था,
- Medicaid उपभोक्ता हटलाइन वा
- कार्यालयमै CANS मूल्याङ्कनकर्ता हुन सक्ने वा त्यस्तो मूल्याङ्कनकर्ताको व्यवस्था गर्न सक्ने व्यवहारजन्य स्वास्थ्य प्रदायक वा Family and Children First Council हरू

## बच्चा वा युवाले कहिलेदेखि OhioRISE का सेवाहरू प्राप्त गर्न सक्छन् ?

CANS मूल्याङ्कनपश्चात् योग्य भएका बालबालिका र युवाहरूलाई CANS मूल्याङ्कन पेश गरिएको मितिबाट लागू हुने गरी OhioRISE मा सहभागी गराइन्छ । जरुरी अवस्थामा OhioRISE मा नाम दर्ता मिति निम्नानुसार हुने छ:

- मानसिक बिमारी वा लागूपदार्थ दुर्व्यसनको कारणले गर्दा अस्पतालमा भर्ना भएको बिरामीका लागि भर्ना भएको मिति वा
- मनोरोगसम्बन्धी आवासीय उपचार सेवास्थल (PRTF) मा भर्ना भएको मिति ।

## OhioRISE मा नाम दर्ता अनिवार्य हुन्छ ?

हुन्छ, बच्चा वा युवा OhioRISE का लागि योग्य छन् भने OhioRISE मा अनिवार्य रूपमा दर्ता गराउनु पर्छ । बच्चा वा युवा योग्य भएनन् भने उनलाई अस्वीकृति र सुनुवाइसम्बन्धी अधिकारहरूको सूचना हुलाकमार्फत पठाइने छ । बच्चा वा युवा वा उनको आमाबुबा/अभिभावक उनको नाम OhioRISE मा दर्ता नहोस् भन्ने चाहनुहुन्छ भने उहाँहरु नाम हटाउनका लागि अनुरोध गर्न सक्नुहुन्छ । ODM ले सो अनुरोधको समीक्षा गर्ने छ र नाम हटाउन उपयुक्त हुन्छ कि हुँदैन भनेर निर्णय गर्ने छ । OhioRISE बाट नाम हटाएका बच्चा वा युवा नयाँ र सुधारिएका सेवाहरू प्राप्त गर्न सक्दैनन् किनभने यी सेवाहरू OhioRISE मार्फत मात्र उपलब्ध हुन्छन् ।

